आज मिति २०८२।०३।१८ गते दिउँसो २:०० बजे यस मेलौली नगरपालिकाको आ.ब. २०८२।०८३ को नगरसभाको पहिलो अधिवेशन यस नगरपालिकाका नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी देहायबमोजिमका निर्णयहरु पारीत गरियो ।

<u>तपसिलः</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर सभा अध्यक्ष | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर सभा सदस्य | |
| ३ | श्री शरद सिंह नेगी | नगर सभा सदस्य | |
| ४ | श्री कृष्ण दत्त भट्ट | नगर सभा सदस्य | |
| ५ | श्री गगन सिंह भाट | नगर सभा सदस्य | |
| ६ | श्री हर्क बहादुर चन्द | नगर सभा सदस्य | |
| ७ | श्री भरत सिंह पुजारा | नगर सभा सदस्य | |
| ८ | श्री तारा दत्त भट्ट | नगर सभा सदस्य | |
| ९ | श्री राम चन्द्र भट्ट | नगर सभा सदस्य | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | नगर सभा सदस्य | |
| ११ | श्री लोक राज भट्ट | नगर सभा सदस्य | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | नगर सभा सदस्य | |
| १३ | श्री मानमति कामी | नगर सभा सदस्य | मान मती |
| १४ | श्री धाना चन्द | नगर सभा सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | नगर सभा सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | नगर सभा सदस्य | |
| १७ | श्री विजय पोखरेल | नगर सभा सदस्य | |
| १८ | श्री सुरेश परियार | नगर सभा सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | नगर सभा सदस्य | |
| २० | श्री दुरा नायक | नगर सभा सदस्य | दुरा |
| २१ | श्री द्रौपदि दयाल | नगर सभा सदस्य | |
| २२ | श्री राजेन्द्र सिह विष्ट | नगर सभा सदस्य | |

CamScanner

नगर कार्यपालिकाको मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७२

| | | | |
|---|---|---|---|
| २३ | श्री डब्बल सिह नायक | नगर सभा सदस्य | |
| २४ | श्री सरस्वति ओड | नगर सभा सदस्य | |
| २५ | श्री चन्द्रकान्त जोशी | नगर सभा सदस्य | |
| २६ | श्री केशव दत्त भट्ट | नगर सभा सदस्य | |
| २७ | श्री माया भाट ठगुन्ना | नगर सभा सदस्य | |
| २८ | श्री कृष्ण सिह ठगुन्ना | नगर सभा सदस्य | |
| २९ | श्री शेर बहादुर चन्द | नगर सभा सदस्य | |
| ३० | श्री कस्तुरा भण्डारी | नगर सभा सदस्य | कस्तुरी |
| ३१ | श्री झापु देवि औजी | नगर सभा सदस्य | झापु |
| ३२ | श्री शंकर सिंह भाट | नगर सभा सदस्य | |
| ३३ | श्री अर्जुन चन्द | नगर सभा सदस्य | |
| ३४ | श्री कमला सार्की | नगर सभा सदस्य | |
| ३५ | श्री गोरख सिंह साउद | नगर सभा सदस्य | |
| ३६ | श्री प्रेम बहादुर चन्द | नगर सभा सदस्य | |
| ३७ | श्री सरु देवि लोहार | नगर सभा सदस्य | |
| ३८ | श्री भान देव भट्ट | नगर सभा सदस्य | |
| ३९ | श्री सुके लोहार | नगर सभा सदस्य | |
| ४० | श्री गिता दयाल | नगर सभा सदस्य | गिता |
| ४१ | श्री लोकमणि भट्ट | नगर सभा सदस्य | |
| ४२ | श्री खगेन्द्र ओझा | नगर सभा सदस्य | |
| ४३ | श्री विन्दु भण्डारी | नगर सभा सदस्य | |
| ४४ | श्री भागरथी लुहार | नगर सभा सदस्य | भागरती |
| ४५ | श्री कृष्ण ऐडी विष्ट | नगर सभा सदस्य | |
| ४६ | श्री शंकर सिह विष्ट | नगर सभा सदस्य | |
| ४७ | श्री पार्वती पन्त भट्ट | नगर सभा सदस्य | |
| ४८ | श्री जनक राज भट्ट | नगर सभा सदस्य | |
| ४९ | श्री चेत राम नेपाली | नगर सभा सदस्य | |
| ५० | श्री नारायण बहादुर चन्द | नगर सभा सदस्यसचिव | |

**प्रस्ताव नं. १.** निती तथा कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. २.** आर्थिक विधेयक सम्वन्धमा

**प्रस्ताव नं. ३.** विनियोजन विधेयक सम्वन्धमा ।

**प्रस्ताव नं. ४.** निर्णयहरु अनुमोदन सम्बन्धमा ।

**प्रस्ताव नं. ५.** प्रगति प्रतिवेदन अनुमोदन सम्वन्धमा ।

**प्रस्ताव नं. ६.** बजेट, योजना तथा कार्यक्रम सम्वन्धमा ।

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# मेलौली नगरपालिकाको आर्थिक वर्ष २०८२/ ०८३ को नीति तथा कार्यक्रम

यस मेलौली नगरपालिकाका नगर उपप्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
विषयगत शाखाका शाखा प्रमुखज्यूहरू,
अन्य कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सञ्चारकर्मीहरु र उपस्थित महानुभावहरु।

सर्वप्रथम हाम्रो निमन्त्रणालाई स्वीकार गरी अतिथ्यता ग्रहण गरिदिनुहुने नगर सभाका सदस्यज्यूहरू लगायत आमन्त्रित सम्पूर्ण महानुभावहरू प्रति हार्दिक स्वागत अभिवादन गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको चौतर्फी विकासको आकाङ्क्षा बमोजिम विभिन्न विषय क्षेत्रसङ्ग सम्बन्धित सरोकारवाला तथा नगरवासीहरूको अमूल्य सुझावहरूको सहयोगमा तयार गरिएको यस मेलौली नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम, यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

यस अवसरमा समाजको आमूल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनासम्मको विभिन्न काल खण्डका राजनैतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरू प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। यी आन्दोलनको अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुहुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु।
नगर स्थापनाकालदेखि नगर निर्माणको विभिन्न चरणमा नेतृत्व गर्नु हुने सवै अग्रज व्यक्तिहरू प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

लामो समय देखिको विश्वव्यापी आर्थिक मन्दीको प्रभावबाट मुलुकको अर्थतन्त्र कमजोर बनेको छ। हाम्रो नगरपालिकामा पनि यसबाट अत्यन्तै प्रभावित बनेको छ। आर्थिक तरलता, उत्पादन तथा वितरण प्रणाली, विकास निर्माण र सेवा प्रवाहमा अवरोध सृजना भइ नगरको सम्पूर्ण मानवीय, सामाजिक र आर्थिक पक्षमा प्रतिकूल प्रभाव परेको छ।

जनआकांक्षा र स्थानिय आवश्यकताका आधारमा स्थानीय स्रोत-साधनको अत्यधिक परिचालन मार्फत आर्थिक तरलतामा सहयोग पुऱ्याउँदै पूर्वाधार विकास, उत्पादन तथा रोजगारका साथै नगरको सर्वाङ्गिण विकासलाई मूख्य प्राथमिकता दिई समावेशी विकासको मार्गमा अगाडी बढ्न जनप्रतिनिधि, राजनैतिक दल, समाजसेवी तथा नगरवासी सवैको सद्भाव, समन्यव र सहकार्य अत्यन्त जरूरी छ।

यस मेलौली नगरपालिकाको यस सम्मानीत चौधौं नगरसभामा आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।



नारायण बहादुर चन्द
...कीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख